# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu, Nepal
Phone/Fax No : 4490513, 4465785
Email: info@chhimekbank.org

## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

**As on Second Quarter (29/09/2077) for the Fiscal Year 2077/2078 (2020/2021)**

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **32,914,208** | **31,358,734** | **26,996,345** |
| 1.1 | Paid-up Capital | 1,830,000 | 1,500,000 | 1,500,000 |
| 1.2 | Reserves and Surplus | 2,614,831 | 1,777,227 | 1,526,871 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 6,125,958 | 5,660,774 | 4,845,276 |
| 1.5 | Deposits | 20,862,570 | 19,895,348 | 17,274,619 |
| 1.6 | Income Tax Liabilities | 263,783 | 27,677 | 206,415 |
| 1.7 | Other Liabilities | 1,217,065 | 2,497,708 | 1,643,165 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **32,914,208** | **31,358,734** | **26,996,345** |
| 2.1 | Cash & Bank Balance | 1,405,966 | 2,544,003 | 2,624,356 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 5,409,250 | 5,816,325 | 3,808,385 |
| 2.4 | Loans & Advances | 25,294,527 | 22,031,208 | 19,919,786 |
| 2.5 | Fixed Assets | 233,534 | 222,607 | 242,719 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 570,930 | 744,592 | 401,099 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 1,937,769 | 909,595 | 1,989,402 |
| 3.2 | Interest Expense | 953,660 | 477,329 | 1,001,708 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **984,110** | **432,266** | **987,694** |
| 3.3 | Fees Commission and Discount | 357,121 | 171,646 | 226,191 |
| 3.4 | Other Operating Income | 223 | 124 | 365 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **1,341,454** | **604,036** | **1,214,250** |
| 3.6 | Staff Expenses | 338,981 | 195,356 | 359,921 |
| 3.7 | Other Operating Expenses | 71,049 | 31,551 | 71,803 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **931,425** | **377,130** | **782,527** |
| 3.8 | Provision for Possible Loss | 108,135 | 419,941 | 36,955 |
| **D** | **Operating profit (C-3.8)** | **823,289** | **(42,811)** | **745,571** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 0 | - | 69 |
| 3.10 | Write Back of Provision for Possible Loss | 153,685 | 145,319 | 18,860 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **976,974** | **102,508** | **764,500** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **976,974** | **102,508** | **764,500** |
| 3.12 | Provision For Staff Bonus | 97,697 | 10,251 | 76,450 |
| 3.13 | Provision For Tax | 263,783 | 27,677 | 206,415 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **615,494** | **64,580** | **481,635** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 13.89% | 14.30% | 14.78% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.13% | 4.24% | 0.35% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 87.73% | 84.94% | 52.71% |
| 4.4 | Cost of Funds | 7.67% | 7.91% | 9.54% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 121.24% | 110.74% | 115.31% |

"*If the statutory audit and supervisory authority notify any remarks to change, the un-audited financial statement may change accordingly
*Loan and Advances & Investments are being presented in Gross basis and Loan loss provisions are included on other liabilities."

| Interest Rate | | | | |
|---|---|---|---|---|
| 5 | **Deposit** | 3% - 10.5% | **Loan and Advance** | 10% - 15% |
| | | | | |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुची- १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व.२०७७/७८ को दोश्रो त्रैमासिक विवरण

**१. वित्तीय विवरण :**

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
यस त्रैमासिक अवधीको वासलात, नाफा- नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी अनुपात | मुल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ६७.२७ | १८.९७ | २४२.८९ | १७९८.५९ | २५.१७% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरुप नै बृद्धि भएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस वित्तीय संस्थाले नेपालका ६७ वटा जिल्लामा १३७ वटा शाखा कार्यालयहरु मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । त्यसैगरि वित्तीय पहुँच नपुगेका देशको पुर्व र पश्चिम तर्फका २१ वटा जिल्लाका अति विकट क्षेत्रहरुमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले ६५ वटा डिजिटल प्वाईन्ट मार्फत सेवा दिँदै आएको छ । नयाँ क्षेत्रमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका जिल्लाहरुलाई प्राथमिकतामा राखिएको छ । यसै त्रैमासको अन्त्यमा वित्तीय संस्थाले कुल ३,७९,८७९ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ ।
लघुवित्तमा कर्जा तथा निक्षेपको अनुपात बढि हुँदा वित्तीय संस्था एवं सदस्य दुबैको भविष्य सुनिश्चित हुने भएकोले यस वित्तीय संस्थाले विगत देखि नै बचत तथा निक्षेप संकलनमा जोड दिँदै आएको छ । वित्तीय संस्थाले ग्राहक सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनिहरुलाई लघुउद्यमी बनाउने उद्धेश्यका साथ सम्बन्धित विशेषज्ञहरुबाट लघुउद्यमशिलता सम्बन्धि तालिमहरु प्रदान गर्दै आईरहेकोमा यस त्रैमासमा कोभिड-१९ का कारण प्रत्यक्ष रुपमा तालिमहरु प्रदान गर्न कठिनाई हुन गयो । कोभिड-१९ को प्रभावबाट अवस्था अनुकुल हुनासाथ लघुवित्त कार्यक्रमलाई प्रभावकारी बनाउन, दक्ष एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, उत्पादकत्व बढाउन, सुक्ष्म अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन आफ्ना कर्मचारीहरुलाई तालिम तथा गोष्ठि जस्ता कार्यक्रमहरु प्रयाप्त मात्रामा प्रदान गर्दै लगिनेछ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** विगतको अनुभवबाट सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको विश्वास एवं वित्तीय संस्थाले लागु गरेका सेवामुखी सुविधाहरु लिन सदस्यहरुमा देखिएको उत्साहले गर्दा व्यवशाय बृद्धि गर्न वित्तीय संस्था सफल भएको छ, । यसले गर्दा आगामी अवधिमा वित्तीय संस्थाको आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । विगतको अनुभव तथा वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धाले कर्जाको दोहोरोपना आदी कारणले वित्तीय संस्थालाई असर पर्न सक्छ, । तथापी वित्तीय संस्थाले तय गरेको कुशल कार्य नीति तथा व्यवस्थापन, ग्राहक संरक्षण नीति तथा कोषको व्यवस्था, वित्तीय संस्थाको निक्षेप मौज्दात, आम्दानी तथा तरलता सन्तोषजनक रहेको छ । वित्तीय संस्थाले भविष्यमा पनि तात्विक रुपमा नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियमको तर्जुमा गरी अघि बढ्ने नीति लिएको छ ।
हाल विश्वब्यापी रुपमा फैलिदै गएको कोरोना भाईरस (कोभिड-१९) को प्रभाव नेपालमा पनि पर्न थालेकाले नेपाल सरकारले जारी गरेको लकडाउन (बन्दाबन्दी) को असर यस वित्तीय संस्थामा पनि पर्न गएको छ । यस परिस्थितीका बावजुद पनि यस वित्तीय संस्थाका अधिकांश कार्यालयहरु सुरक्षाका प्रयाप्त उपायहरु अवलम्बन गर्दै आफ्ना ग्राहकहरुलाई सम्पर्क गर्ने, सुरक्षित रहन जनचेतना तथा सहानुभुती प्रदान गर्ने, बन्दाबन्दीमा पनि संचालन हुनसक्ने व्यवशाय प्रवर्द्धनका लागी द्रुतगतीमा आवश्यक कर्जा उपलब्ध गराउने लगायतका सेवाहरु प्रदान गर्ने कार्यहरु गर्दै आएको छ । फलस्वरुप ग्राहकहरुबाट पनि वित्तीय संस्थालाई राम्रो सहयोग प्राप्त भएकाले उल्लेख्य मात्रामा ब्याज आम्दानी हुन गयो ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क)यस अवधिमा वित्तीय संस्थाले कसैका उपर मुद्धा दायर गरेको छैन र संस्थाको विरुद्धमा कसैबाट मुद्दा दायर भएको सुचना प्राप्त भएको छैन ।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क)शेयर कारोवार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस वित्तीय संस्थाको शेयरको कारोवार दोस्रो बजारमा सकारात्मक रहेको छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा वित्तीय संस्थाको व्यवशायिक अभिबृद्धि सँगै कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख भएको छ र भविष्यमा पनि हुने अपेक्षा गरिएको छ ।

(ख)नेपाल स्टक एक्सचेन्ज लि.को वेवसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कूल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| रु.१५९७ | रु.११०१ | रु.१२७६ | ५८ | १७६५४२९ |

**५. समस्या तथा चुनौती :**

(क) हाल देखा परेको कोरोना भाईरस (कोभिड-१९) जस्ता अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक तथा अन्य विपत्तिबाट सिर्जित परिस्थितीबाट हुनसक्ने चुनौती ।

(ख) लघुवित्त संस्थाहरुको संख्यामा भएको वृद्धीले यस क्षेत्रमा कर्जाको दोहोपना, दक्ष जनशक्तिको बहिर्गमन जस्ता चुनौतिहरु रहेका छन ।

(ग) बैंक/वित्तीय संस्थाहरुबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको ब्याजदरको बृद्धिले Cost of fund मा पनि बृद्धि हुन सक्ने ।

(घ) नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुन सक्ने नीतिगत परिवर्तन र सो बाट सिर्जित हुनसक्ने समस्या तथा चुनौती ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । संस्थागत सुशासनमा विषेश ध्यान दिदैं वित्तीय संस्थाले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ :

(क)यस वित्तीय संस्थाको संचालक समिति तथा व्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जुमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

(ख)संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा लगानी तथा असूली निर्देशिका, लेखा परिक्षण निर्देशिका, वचत तथा कोष परिचालन निर्देशिका, ग्राहक संरक्षण कार्यविधी एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु वनाई त्यसको पालना गर्दै आईरहेको छ ।

(ग)वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, केन्द्रीय सहयोगी समिति, केन्द्रीय कर्जा असुली समिति, कर्जा अपलेखन उपसमिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गरेको छ ।

**७.सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।